**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**विदेशी विनिमय व्यवस्था विभाग**

इ.प्रा. परिपत्रसंख्या ४९०

मिति : २०६५।०९।१६

**श्री नेपाल राष्ट्र बैंक,बैकिंग कार्यालय,लगायत सम्पूर्ण कार्यालयहरु तथा**
**ईजाजतपत्र प्राप्त "क" वर्गका बैंकहरु ।**

विषयः- ***FOB मुल्यको आधारमा प्रतितपत्र कारोवार गर्ने सम्बन्धमा ।***

महाशय,

परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी भारत बाहेक अन्य मुलुकहरुबाट गरिने आयातका लागि देहायका कार्यविधिहरुको अधिनमा रही FOB मुल्यको आधारमा समेत प्रतितपत्र कारोवार गर्नसक्ने व्यवस्था गरिएको हुंदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने ऐन, २०१९ (संशोधन सहित) को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**कार्यविधि**

१. ढुवानी तथा वीमाको लागत प्रष्ट हुने कागजात/विल संलग्न गर्नुपर्नेछ ।
२. ढुवानी तथा वीमाको लागत प्रष्ट रुपमा छुट्टै देखिने गरी वि.वि.नि.फा.नं. ४ जारी गर्नुपर्नेछ ।
३. विदेश स्थित कम्पनीबाट ढुवानी तथा वीमाको व्यवस्था गराई भारतवाहेक अन्य मुलुकमा भुक्तानी गर्नुपर्ने भएमा सम्बन्धित कम्पनीले जारी गरेको Invoice/Bill को आधारमा प्रतितपत्र जारी गर्ने बैंकले उक्त Invoice/Bill मा उल्लेखित रकमको सटही सुविधा सम्बन्धित एजेन्सीको नाममा उपलव्ध गराउनु पर्नेछ ।
४. अन्य व्यवस्थाहरु इ.प्रा.परिपत्रसंख्या ३८१ बमोजिम नै कार्यान्वयन गर्नुपर्नेछ ।

भवदीय,

( रामजी रेग्मी )
कार्यकारी निर्देशक

***वोधार्थः***

१. गभर्नरको कार्यालय ।
२. डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, वाणिज्य विभाग ।
४. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि. तथा नि. महाशाखा ।
५. नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग :-मातहतका भन्सार कार्यालयहरुलाई जानकारी गराइ दिनु हुन ।
६. नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
७. नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
८. नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
९. नेपाल राष्ट्र बैंक, सूचना प्रविधि विभाग ।
१०. नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, कमलादी, काठमाण्डौ ।
११. नेपाल उद्योग वाणिज्य महासंघ, बागमती च्याम्बर, टेकु, काठमाण्डौ ।
१२. नेपाल उद्योग परिसंघ, बागमती च्याम्बर, टेकु, काठमाण्डौ ।
१३. नेपाल समुद्रपार निकासी पैठारी संघ, बागमती च्याम्बर, टेकु, काठमाण्डौ ।
१४. नेपाल फ्रेट फर्वार्डर्स एशोसिएशन, नक्साल काठमाडौं ।
१५. नेपाल च्याम्बर अफ कमर्स, कान्तिपथ, काठमाडौं ।